# तरकारी बालीमा लाग्ने कीराहरुको पहिचान र तिनको नियन्त्रणका उपायहरु

श्री नरेन्द्र पनेरु
बागवानी विकाश अधिकृत

पृष्ठभूमिः-

साधारण बोलचालको भाषामा धेरै जसो साना प्राणीहरु लाई कीरा भन्ने चलन छ, जस्तै झिंगा, साङ्ला, लामखुट्टे, माकुरा, चिप्लेकीरा, शंखे कीरा, औंसा, जुगा, चुर्ना आदि देखि लिएर रोग उत्पती गराउने सुक्ष्म जिवाणुहरु लाई समेत कीरा भन्ने गरेको पाईन्छ । तर बैज्ञानिक भाषामा यस्ता सबै प्राणीहरु लाई कीरा भनिदैन । कीरा भन्नाले खण्ड-खण्ड मिलेर बनेका खुट्टा भएका साना प्राणीहरु मात्र आउंछन् । कीराको जिवन चक्रमा फुल बच्चा वा लार्भा, प्यूपा ( कीराको अचल अवस्था ) वयस्क जस्ता दुई देखि चारवटा अवस्था हुन सक्दछन् । कलिलो अवस्थामा जस्तो सुकै भएता पनि वयस्क अवस्थामा शरिर ३ निश्चीत भाग ( टाउको, छाती र पेट) मा बांडिएको हुन्छ । खण्ड-खण्ड जोडीएर बनेका ३ जोडा खुट्टाहरु हुन्छन् ।एक जोडा सिङ्ग हुन्छ । केहि कीराहरु बाहेक धेरै जसो कीराहरुको एक दुई जोडा पखेटा हुन्छन् । सन्तान उत्पादनको लागी शरिरको पछिल्लो भागमा स्त्री वा पुरुष अङ्ग हुन्छ । कुनै कीराहरु हानीकारक हुन्छन् भने कुनै कीराहरु लाभदायक हुन्छन् । हानीकारक कीराहरुले बोट बिरुवा खाएर , चुसेर , फुल पारेर, बिरुवाको बिभिन्न भाग खाएर , गुंड बनाएर , बिभिन्न प्रकारका रोगहरु सारेर नोक्सान गर्दछन् । लाभदायक कीराहरु जस्तै मौरीले पराग शेचनको कृयामा शहयोग पु-याउंदछ । बाघे खपटे कीरा, मेन्टीड आदि कीराले अर्को कीरा लाई खाई दिन्छ र हानीकारक कीराहरुको संख्या घटाई दिन्छ ।

नेपालमा धेरै किसिमका तरकारीहरु घरायसी तथा व्यवसायीक रुपमा लगाईने गरिन्छ । यी तरकारीहरुमा धेरै प्रकारका बिनाशकारी कीराहरुको आक्रमणले गर्दा तरकारी उत्पादनमा नोक्सानी पु-याउनुको साथै तरकारीको गुणस्तर बिग्रन गै बजारमा समेत उचित मुल्य पाउन नसकेको कारण तरकारी खेतीमा उन्मुख कृषकहरुमा उत्साह घट्न जाने हुंदा यस्ता बिनाशकारी को जानकारी र नियन्त्रण गर्ने उपायहरु जान्नु आबश्यक पर्दछ ।

**बिनाशकारी कीराहरुः-**

१. लाही कीरा :- अंग्रेजीमा यसलाई एफिड भनिन्छ । धेरै जसो लाही कीराहरु फिक्का हरियो र हल्का पहेंलो रङ्गका हुन्छन् । यीनीहरु धेरै हलचल नगर्ने खालका हुन्छन् र प्वांख बिहिन अबस्थामा धेरै हिड्दैनन् । आफ्नो मसिनो चूच्चो पातको भित्र हाली सकेपछि प्राय निश्चल नै रहन्छन् । यी कीराहरुले चुसेको पातहरु घुंघुरिएको र पहेलो हुन्छ । यी कीराले चुसेको ठाउंमा गुलियो पदार्थ छाड्ने भएकोले चीपचिपाहट हुन्छ । वयस्क लाहीको पखेटा हुन पनि सक्छ नहुन पनि सक्दछ । यी कीराहरुले बिषेशगरी आलु, बन्दा, रायो , ब्रोकाउली, कांक्रो, पालुङ्गो, सिमी, केराउ, बोडी, घिरौला आदि तरकारीहरुमा आक्रमण गर्दछन् ।

यी कीराहरुले भाले कीराको सम्पर्क बिनानै मसिना बच्चाहरु पैदा गर्दछन् । यी बच्चाहरुले १० दिन भित्रमा ४ पटक कांचुली फेरी वयस्क बन्न पुग्दछन् र धेरै जसो पोथीनै हुन्छन् । एउटा वयस्क पोथीले १०० - २०० वटा सम्म मसिना बच्चाहरु पैदा गर्न सक्दछन् ।

नियन्त्रणः-जैबिक नियन्त्रणको लागी थोप्ले खपटे कीरा र धुमक्कड झिंगाले लाही कीराको सिकार गर्दछ । रसायनिक नियन्त्रणमा शुद्ध सुर्तिको झोल एक लिटरमा १० लिटर पानीको दरमा मिसाई छर्न सकिन्छ । मेटासिस्टक्स, मालाथीयन, डिमाक्रोन तथा नुभान बिषादी कुनै एक दुई यम.यल प्रति लिटर पानीको दरमा घोल बनाई स्प्रे गर्दा नियन्त्रण गर्न सकिन्छ ।

२. थोप्ले खपटे कीराहरुः- वयस्क खपटे कीराहरु गोल र रातोमा खैरो मिसिएको रङ्गका साथै पखेटामा काला थोप्लाहरु भएका हुन्छन् । यी कीराहरु पनि दुई जातका हुन्छन् एकको १२ थोप्लाहरु हुन्छन् भने अर्को थरीको २८ वटा थोप्लाहरु हुन्छन् । यी कीराहरुले पातको हरियो भाग कोतरेर खान्छन्, जसले गर्दा कीराले आक्रमण गरेको पातहरुमा नशा मात्र देखा पर्दछन् र जालो जस्तो देखिन्छन् । यी कीराहरु प्रायः कांक्रो, फर्सि तरकारी बालीमा लाग्ने गर्दछन् ।

वयस्क पोथी कीराले १२० देखि १८० गोटा सम्म फूल पार्न सक्षम हुन्छे । फूल पार्ने बेलामा धेरैजसो पातको तल्लो भागमा गै पार्ने काम गर्दछे । यी फूलहरु बाट बच्चाहरु निस्केपछि पातको हरिया भागहरु खान थाल्दछन् ।

नियन्त्रणः-मालाथायन २ यम.यल प्रति लिटर पानीको दरमा घोल बनाई स्प्रे गर्नु पर्दछ । औषधी उपलव्ध हुन नसकेको अवस्थामा फुलहरु हातले टीपेर मिचि दिनु पर्दछ ।

३. गवारो :- वयस्क पुतलिको पखेटाहरु सेता हुन्छन् र पखेटामा खैरा धर्साहरु हुन्छन् । यसका लाभ्रेहरुले बिषेश गरेर भन्टाको डांठ र फलमा प्वाल पारेर नोक्सानी पु-याउंदछन् । पोथी पुतलिले करिव २५० गोटा सम्म फुल पार्न सक्षम हुन्छे ।

नियन्त्रणः-नुभान २ यम.यल प्रति लिटर पानीको दरमा घोल बनाई स्प्रे गर्नु पर्दछ । कीरा लागेको थाहा हुना साथ बढ्न नदिनको लागी कीरा लागेको बोट उखेलेर गाडी दिनुपर्दछ।

४.गोलभेडाको लाभ्रे कीराः-यसले गोलभेडाको कांचा फलहरु खाएर नोक्सान गर्दछ । यी कीराहरुको वयस्क अबस्था पुतलिनै हुन्छ । पोथी पुतलिले एक पटकमा चार पांच बोटमा चाहारी २०-२५ वटा फुल पार्दै उड्ने काम गर्दछे ।

नियन्त्रणः- मालाथायन वा नुभान २ यम.यल प्रति लिटर पानीको दरमा घोल बनाई स्प्रे गर्नुपर्दछ ।

५. बन्दाको पुतलीः- मेटासिड र मालाथायन २ यम.यल प्रति लिटर पानीको दरमा मिसाई स्प्रे गर्नु पर्दछ ।

६. फर्सि, कांक्रो घिरौंला तरकारीमा लाग्ने औंसा कीराहरुः-रोगर वा नुभान बिषादी २ यम.यल प्रति लिटर पानीको दरमा मिसाई स्प्रे गर्ने ।

७. आलुमा लाग्ने रातो कमिलाः- फ्यूराडन १ के.जी प्रति रोपनीको दरमा माटोको उपचार गर्नु पर्दछ ।

८.उफ्रने खपटेः-यी कीराहरुले पातमा बसेर खाई प्वाल पार्ने काम गर्दछन् । मालाथायन वा नुभान २ यम.यल प्रति लिटर पानीमा मिसाई स्प्रे गर्नु पर्दछ ।

९.फर्सिको रातो खपटेः-मालाथायन वा नुभान २ यम.यल प्रति लिटर पानीको दरमा मिसाई स्प्रे गर्नु पर्दछ ।

१०. रायो सागमा लाग्ने झुसिल्कीराः-मालाथायन बिषादी १ यम.यल प्रति लिटर पानीको दरमा मिसाई स्प्रे गर्नु पर्दछ ।

**केहि कीटनाशक औषधी र तिनिहरुलाई बिरुवामा छरेपछि खानको लागी पर्खिनु पर्ने समय :**

| | |
|---|---|
| १. मेटासिड | ७ दिन । |
| २. मालाथायन | ७ दिन । |
| ३. नुभान | ३ दिन । |
| ४. थायोडन | २१ दिन । |

| | |
|---|---|
| ५. मेटासिस्टक्स | २१ दिन । |
| ६. डेमाक्रोन | २१ दिन । |
| ७. रोगर | १५ दिन । |
| ८. फोरेट।थीमेट।फ्यूराडन | ३ महिना । |
| ९. डिप्ट्रेक्स | १० दिन । |
| १०. सेभिन | ७ दिन । |